कृषि मन्त्रालय

# पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं १, विराटनगर, नेपाल

## प्रस्ताव आव्हानको सूचना

सुचना न १/२०७९-८०

प्रथम पटक प्रकाशित मिति: २०७९।०९।२५

प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७९।१०।२४

यस निर्देशनालयको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न ईच्छुक आवेदकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म तोकिएको ढाँचामा कार्यालय समय भित्र तपसिलमा उल्लेखित कार्यालयहरुमा प्रस्ताव दर्ता गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ। थप जानकारीको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बिराटनगर मोरङ्गको फोन न. ०२१-५१४०५१ मा सम्पर्क गर्न वा कृषि मन्त्रालय प्रदेश नं. १ को वेवसाईट www.molmac.p1.gov.np बाट कृषि व्यवसाय प्रबर्द्धन अनुदान नियमावली २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ डाउनलोड गरी थप जानकारी लिन अनुरोध छ।

**तपसिल:-**

१. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय / भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु पांचथर,झापा, मोरगं, सुनसरी, धनकुटा, संखुवासभा, उदयपुर र ओखलढुगां सम्पर्क केन्द्रहरु ताप्लेजुङ्ग इलाम तेह्रथुम भोजपुर सोलुखुम्बु र खोटाङ्ग प्रस्तावहरु बुझाउन सकिनेछ।

२. अनुदान संग सम्बन्धित तोकिएको ढाँचा अनुसारको फर्मेटहरु भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र , सम्पर्क केन्द्र तथा यस निर्देशनालयबाट उपलब्ध गराईनेछ।

**आवेदन दस्तुर:-**

- राजश्व खाता नं. १०००१००२०१०१०००१ • बैंक:-राष्ट्रिय वाणिज्य बैंक • राजश्व शिर्षक नं. १४२२९
- राजश्व जम्मा हुने कार्यालयको कोड नं. ३१२०२१३०११
- राजश्व जम्मा हुने कार्यलय:- पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगर।
  माथिको खाता नं.मा राजश्व जम्मा गरेको भौचर आवेदन संग सलग्न राख्नुपर्ने।
- दस्तुर : व्यक्तिगतको हकमा रु१००।-, संस्थागत रु २००।- तथा ५० लाख भन्दा बढी कुल लागत भएको प्रस्तावकको हकमा रु ५००।-

**कार्यक्रम विवरण**

| सि. नं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाइ अधिकतम उपलब्ध हुने अनुदान रकम रु. | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ सँग सम्बन्धित बुदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायीक बंगुर फार्महरुमा बंगुरको कृत्रिम गर्भाधानका मेशिन उपकरणहरु खरिदमा सहयोग। | संख्या | १ | ५० लाख | परिच्छेद ३ को बुंदा न २.३ | १.व्यवसायिक रुपमा बंगुर पालन गरिरहेको फार्म।<br>२.कम्तीमा २० माउ बंगुर पालिरहेको<br>३.बंगुर फार्ममा कृत्रिम गर्भाधान कार्यक्रम संचालन भै रहेको। |
| २ | मासुजन्य उद्योग प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | ३७ लाख ५० हजार | परिच्छेद ३ को बुंदा न ५.५ | १.कम्तीमा दैनिक १०० के.जी.खसी/बोका/कुखुरा/रागा/बंगुरको मासु संकलन गरी मासु तथा मासुको परिकार हरु (ससेज, सिकुटी, आचार) आदि बनाई बिक्री बतरण गरेको हुनु पर्नेछ।<br>२.सडक तथा थ्री फेज विधुतको लाईनको सुविधा भएको हुनु पर्नेछ।<br>३.मासु उधोगको अनुमति पत्र लिएको हुनु पर्नेछ। |

**प्रस्ताव साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु:**

१ रु१० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र।
२ आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३ कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना।
४ कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि। (धनी पुर्जा र मालपोत तिरेको रसिद)
५ लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्ष अवधिको करारनामा वा सम्झौता पत्र।
६ प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था / फर्म / ब्यावसाय दर्ता / नविकरण र पान भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि।
७ समुह/समिति/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।
८ अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
९ लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
१० बिगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणापत्र।
११ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारीस पत्र।
१२ स्थानिय तहको पशुपन्छी शाखाको सिफारिस पत्र।
१२ कार्यविधिमा उल्लेख भए अनुसारका थप कागजातहरु माग भए बमोजिम।

मिति: २०७९ साल पौष २५ गते समाचारपत्रमा प्रकाशित सूचना